# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, भदौ १ गते २०५७ साल (अतिरिक्ताङ्क २४

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा २ को खण्ड (क) को उपखण्ड (७) ले दिएको अधिकार प्रयोग गरी देहायको सेवालाई आवश्यक सेवामा समावेश गरेको छ ।

१. बैंकिङ्ग सेवा,

२. सञ्चार सेवा,

३. विद्युत सेवा ।

### सूचना २

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हडताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ ।

१. डाँक तार वा टेलिफोन सेवा,

२. जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरू ओसार पसार गर्ने यातायात सेवा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८९

३. हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसित सम्बन्धित सेवा,

४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने, राख्ने झिक्ने वा थन्क्याउने कामसित सम्बन्धित सेवा,

५. मिन्ट वा सरकारी छापाखाना सम्बन्धि सेवा,

६. हात हतियार, खरखजाना वा अरू कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसित सम्बन्धित श्री ५ को सरकार रक्षा व्यवस्थाको कुनै सेवा,

७. बैंकिङ्ग सेवा,

८. सञ्चार सेवा,

९. विद्युत सेवा,

१०. खानेपानीको सञ्चालन तथा वितरण सेवा।

आज्ञाले,
पद्मप्रसाद पोखरेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।